DeKalb County School District (DCSD) का परिवारलाई अभिवादन,

तपाईं सबैजनाको हप्तान्त सुरक्षित र रमणीय रह्यो भन्ने मलाई आशा छ। हाम्रा विद्यार्थी, शिक्षक र प्रशासकहरूले यी अभूतपूर्व समयमा उन्नति गर्न जारी राख्नुभएकोमा हामीसँग यसको उत्सव मनाउने अवसर छ। म 2021 को कक्षाका लागि डिस्ट्रिक्टको चार वर्षे ग्रेजुएसन दर महामारीको अवधिमा स्थिर रहन्छ भनी घोषणा गर्नमा गर्व गर्छु।

शैक्षिक वर्ष 2021 सहित डिस्ट्रिक्टले लगातार चार वर्षसम्म एसियाली/प्रशांत द्वीपवासी, अङ्ग्रेजी भाषाका विद्यार्थीहरू, र अशक्तता भएका विद्यार्थीहरूको समूहमा वार्षिक रूपमा सुधार देखाएको छ । सबैभन्दा धेरै सुधार देखाउने विद्यालयहरूमा Towers तथा Clarkston रहेका छन् । सामान्य परिस्थितिहरू अन्तर्गत, विद्यालयको ग्रेजुएसन दर बढाउने भनेको सहज दर होइन।

महामारी र जारी दूर शिक्षा अध्ययन वातावरणलाई मनन गर्दै, हामी हाम्रा विद्यार्थी, परिवार, शिक्षक र विद्यालय प्रशासकहरूका प्रयासहरूको प्रशंसा गर्छौं। Towers High School र Clarkston High School को ग्रेजुएसन दरमा भएको ठूलो उपलब्धि यस कठिन अवस्थाको उत्कृष्ट उपलब्धि हुन्। हामी दुवै विद्यालयहरूका साथै हाम्रा सबै हाइ स्कूल र तिनीहरूको समुदायहरूको प्रशंसा गर्दै यसको उत्सव मनाउँछौं!

**<u>शीर्षक I प्रतिष्ठित विद्यालयहरू</u>**

म FY21 शीर्षक I प्रतिष्ठित विद्यालयहरू नाम राखिएका हाम्रो सातवटा विद्यालयलाई पनि पहिचान गर्न चाहन्छु। Chesnut Elementary School, Fernbank Elementary School, Livsey Elementary School, Smoke Rise Elementary School, Wadsworth Magnet Elementary School, Wynbrooke Elementary School र DeKalb Early College Academy ले जर्जिया शिक्षा विभाग (Georgia Department of Education) द्वारा गरिएको एकल कलेज तथा करियर तयारी कार्यसम्पादन सूचक (2019 College and Career Ready Performance Index, CCRPI) अंकमा आधारित रहेर जर्जियाका स्कूलहरू मध्ये शीर्ष पाँच प्रतिशतको प्रतिनिधित्व गर्छन्।

म यी विद्याकयहरूका विद्यार्थी, शिक्षक र प्रशासकहरूप्रति गर्व महसुस गर्छु र म हाम्रा सबै विद्यालयहरूलाई अगाडि बढ्न र माथि पुग्न जारी राख्नका लागि प्रोत्साहन गर्छु!

**<u>संयुक्त राज्य समाचारका दर्जाहरू</u>**

म संयुक्त राज्य समाचार द्वारा राज्यममा उत्कृष्ट विद्यालयहरूको रूपमा हालै दर्जा दिइएका हाम्रा केही विद्यालयहरूलाई पनि बधाई दिन चाहन्छु। Kittredge Magnet School र Wadsworth Magnet School for High Achievers क्रमश: राज्यका उत्कृष्ट इलिमेन्टरी स्कूलहरूमा शीर्ष एक र दुई स्थानमा परेका छन् भने Austin Elementary School नवौं स्थानमा छ। DeKalb School of the Arts पनि मिडल/हाइ स्कूल वर्गमा जर्जियामा उत्कृष्ट छैठौं स्थानमा रहेर शीर्ष 10 भित्र परेको छ। राज्यको हाइ स्कूल स्थानहरूमा DeKalb Early College Academy, Chamblee High School र Arabia Mountain High School क्रमश: 31औं, 39औं र 63औं स्थानमा परेका छन्। म गौरवान्वित सुपरिवेक्षक हुँ!

**वृहत् गुरुयोजनाको टाउन हल बैठक**

DCSD ले यसको अन्तिम दुईवटा भर्चुअल वृहत् गुरूयोजना (Comprehensive Master Plan, CMP) क्षेत्रीय टाउन हल बैठकहरू अक्टोबर 26 र 27 मा साँझ 6 बजेदेखि 7:30 बजेसम्म आयोजना गर्नेछ। DCSD को गुरूयोजना प्रक्रियामा सबै विद्यालय र प्रशासकीय सुविधास्थलहरूको साथै डिस्ट्रिक्टको शैक्षिक लक्ष्यमा सहायता गर्ने पूर्वाधारको मूल्याङ्कन समावेश छ। यो प्रक्रियामा विद्यालयका सुविधाहरूबारे डाटा सङ्कलन गर्ने कुराहरू पर्दछन् जसलाई शिक्षासम्बन्धी विशेष प्रयोजनको स्थानीय विकल्पको विक्री कर (E-SPLOST) को अर्को परियोजना सूचीका लागि प्राथमिकताहरूको विकास गर्न प्रयोग गरिने छ । थप जानकारीका लागि र बैठकको समयतालिका हेर्न, कृपया यहाँ क्लिक गर्नुहोस् ।

यी बैठकहरूले सुझावहरू तथा प्रतिक्रिया प्रदान गर्न एउटा मात्र अवसर प्रदान गर्ने छन् । मैले आशा गरेको छु की CMP प्रक्रियाले हाम्रो वृहत् सरोकारवाला समूहको माझमा हामीलाई विश्राम तथा पारदर्शिता निर्माण गर्न सहयोग गर्न हामीलाई सहयोग गर्नेछ । हामी E-SPLOST IV र V का सबै परियोजनाहरूलाई एक ठाउँमा मिलान गर्ने प्रक्रियामा छौं र हाम्रा समुदायहरूलाई निरीक्षण तथा रिपोर्टिङका नयाँ उपकरणहरूको बारेमा जानकारी गराउन पाउँदा उत्साहित छौं । अर्को E-SLOST सल्लाहकार समिति बैठक बुधबार, अक्टोबर 27 मा साँझ 7 बजे आयोजना गरिने छ। हामी डिस्ट्रिक्टको रूपमा अगाडि र माथि बढ्न जारी राख्नेछौं।

**विद्यार्थी चर्चा**

यो हप्ता, म अन्तर्राष्ट्रिय सामुदायिक विद्यालयको पाँचौं ग्रेडमा अध्ययनरत Mali Ali को बारेमा ध्यानाकर्षण गर्न चाहन्छु। Mali लाई सेप्टेम्बरको महिनाका लागि विश्वव्यापी नागरिकको रूपमा चयन गरिएको थियो। उहाँको स्कूल निर्देशकले Mali ले उदारतालाई मूर्त रूप दिने बताउनुभयो। चाहे नयाँ विद्यार्थीसँग कुरा गर्ने, आफ्नो सोच्ने तरिका बदल्ने वा हाम्रा भावी कक्षा प्रयासका लागि सकारात्मक रहने पहिलो व्यक्ति होस्, Mali आफ्नो महानता देखाउने अवसरबाट कहिल्यै पछाडि हट्नुहुन्न। उहाँ कहिल्यै पनि डरको अवस्थामा काम गर्नुहुन्न र यो उहाँको काममा देखिन्छ। म यी उत्कृष्ट विद्यार्थीको लोकप्रियताको बारेमा जानकारी गराउन पाउँदा अत्यन्तै खुसी छु ।

**प्रगतिशील विद्यालयहरूको लिग**

Digital Promise को 10 वर्षे वार्षिकोत्सव मनाउन पछिल्लो हप्ता वासिङ्गटन डि.सी. मा आयोजना गरिएको प्रगतिशील विद्यालयहरूको फल 2021 लिग हाइब्रिड कन्भेनिङमा उपस्थित हुन पाउनु गर्वको विषय थियो। DCSD लाई डिजिटल प्रोमिसद्वारा व्यवस्थित अगाडिको सोच्ने K-12 स्कूल डिस्ट्रिक्टहरूको राष्ट्रिय संघ, शिक्षामा नवप्रवर्तनको गति बढाउने र सबै प्रविधि तथा अनुसन्धानमार्पत अध्ययन गर्ने अवसरलाई सुधार्ने लक्ष्य भएको एक गैर-नाफामूलक संस्था, लिग अफ इनोभेटिभ स्कूल्समा हालै स्वीकृत गरिएको थियो। देशभरिका अन्य शैक्षिक नेतृत्वहरू र कंग्रेसम्यान Hank Johnson सँग सम्पर्क गर्न पाएकोमा खुसी छु। कंग्रेसम्यान Johnson DCSD को सच्चा समर्थक हुनुहुन्छ र हामी उहाँले यू.एस.क्यापिटलमा डिस्ट्रिक्टका लागि गरेको सहायता र सबै कार्यको प्रशंसा गर्छौं।

**आधिकारिक मान्यताको सामुदायिक सर्वेक्षण**

DCSD हाल आधिकारिक मान्यता नवीकरण गर्ने प्रक्रियामा छ। यो प्रक्रियाको भाग भनेको सरोकारवालाहरूसँग प्रतिक्रिया सङ्कलन गर्नु हो। हामी तपाईंलाई परिवार तथा समुदाय सरोकारवाला सर्वेक्षणमा सहभागी हुन निमन्त्रणा दिन्छौं। अन्य सरोकारवालाका कलाकृतिहरूसँगै यो सर्वेक्षणका नतिजाहरू डिस्ट्रिक्टको आधिकारिक मान्यता नवीकरण प्रक्रियामा प्रयोग गरिने छ।

परिवार तथा समुदाय सरोकारवाला सर्वेक्षण निम्न भाषाहरूमा उपलब्ध छ: अमहारिक, अरबी, बेङ्गाली, बर्मेली, चिनियाँ, अङ्ग्रेजी, फ्रेन्च, हिन्दी, नेपाली, सोमाली, स्पेनिश, स्वाहिली, तेलुगु, तिग्रिन्या र भियतनामी। यो सर्वेक्षण गोप्य रहने छ र पूरा गर्न लगभग 10 मिनेट लाग्ने छ। तपाईं निम्न लिङ्कमा सर्वेक्षण पहुँच गर्न सक्नुहुन्छ: https://survey.sogosurvey.com/r/eY7O00

**कोभिड-19 निरीक्षणका परीक्षण र खोपहरू**

Georgia सार्वजनिक स्वास्थ्य विभागसँगको सहकार्यमा विद्यार्थीको स्वास्थ्य सेवा विभाग हाम्रो डिस्ट्रिक्टमा निरीक्षणको परीक्षण ल्याउनका लागि उत्साहित छ! निरीक्षणको परीक्षण सुरक्षित छ, कोभिड-19 फैलन सीमित गर्ने प्रभावकारी तरिका हो र विद्यालयहरूलाई व्यक्तिगत अध्ययनका लागि विद्यालयहरू खुला राख्न जारी राख्छ। कोभिड-19 परीक्षण अनिवार्य छैन र विद्यार्थीहरू, कर्मचारी, परिवारका सदस्यहरू र हाम्रो समुदायलाई सुरक्षित राख्नका लागि प्रस्तावित गरिँदैछ। तपाईंले पूर्ण रूपमा खोप लगाएतापनि, नि: शुल्क परीक्षण कार्यक्रम सबैजनाका लागि उपलब्ध छ। साप्ताहिक परीक्षण कार्यक्रममा रूचि गज गर्नका लागि, तपाईंको सहायता आवश्यक हुन्छ। कृपया कार्यक्रममा सहभागी हुने हाम्रो रूचि सङ्केत गर्न कोभिड-19 निरीक्षणको सर्वेक्षण पूरा गर्नका लागि यहाँ क्लिक गर्नुहोस्। प्रभावकारी रूपमा योजना बनाउन, सर्वेक्षण अक्टोबर 27 सम्म पूरा गरिनुपर्छ।

DCSD ले कर्मचारी, विद्यार्थीहरू र समुदायका लागि मासिक कोभिड-19 को परीक्षण र खोप पनि आयोजना गरिरहेको छ। हरेक उमेरका लागि निःशुल्क खोपहरू र परीक्षण उपलब्ध हुने छन्। अर्को निर्धारित कार्यक्रम प्रशासनिक तथा निर्देशनात्मक कम्प्लेक्स, 1701 Mountain Industrial Blvd, Stone Mountain, GA मा शुक्रबार, अक्टोबर 29, बिहानको 8: 30 बजेदेखि दिउँसोको 1 बजेसम्म छ। कोभिड-19 परीक्षण Doraville यातायात केन्द्र, DCSD यातायात विभाग र Panthersville यातायात केन्द्रमा पनि उपलब्ध छ। थप जानकारीका लागि, www.freecovidtesting.us/dekalb भ्रमण गर्नुहोला।

कृपया डिस्ट्रिक्टका अद्यावधिकहरूको बारेमा अन्तिम जानकारी प्राप्त गर्न हाम्रो वेबसाइट र आफ्नो विद्यालयको वेबसाइट भ्रमण गर्दै गर्नुहोला। तपाईंको सप्ताह राम्रोसँग बितोस्!

भवदीय,

सुश्री Cheryl Watson-Harris